स्थानीय सरकार,शैलुङ गाउँपालिकाको कार्यपालिकाको निर्णय सार्वजनिक प्रयोजन

२०८१ कात्तिक २८ गतेको गाउँ कार्यपालिका निर्णयहरू

१. माथि छलफल गर्दा यस शैलुङ गाँउपालिका र मातहतका ८ वटै वडा कार्यालयबाट भए गरेका विभिन्न क्रियाकलाप तथा कार्यहरुको बारेमा विषयगत रुपमा छलफल तथा समिक्षा गरियो।

२. माथि छलफल गर्दा जनवादी गणतन्त्र चानको स्वशासित क्षेत्र सिजाङ (तिब्बत) को सहयोगमा कार्यान्वयन हुने **Project Aid to Nepal** कार्यक्रम अन्तर्गत विभिन्न आयोजना माग गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका व नं. ६८, मिति २०८१/०५/२० को परिपत्र बमोजिम गाउँपालिकाका बिभिन्न योजनाहरु प्रस्ताव पेश गर्ने

३. माथि छलफल गर्दा यस शैलुङ गाँउपालिकाको बार्षिक बजेट कार्यान्वयन गर्ने सन्दर्भमा लागत साझेदारीमा कृषि विकास सञ्चालन कार्यविधि, २०८१ पारित गर्ने

४. यस शैलुङ गाँउपालिका वडा नं. ४ मा रहेको श्री दुर्गा मा.वि. बाट बागमती प्रदेश सरकार अन्तर्गत सामाजिक विकास मन्त्रालयमा विद्यालय बसको लागि प्रस्ताव पेश गर्नको लागि यस गाँउपालिकाको कार्यपालिका बैठकको निर्णय सहित सिफारिस आवश्यक रहेको भनि पत्राचार भई आएकोमा उक्त विद्यालय यस गाँउपालिकाको प्रस्तावित नमुना विद्यालयको रुपमा रहेको र विद्यालयमा विद्यार्थीको चाप बढ्दै गैरहेको अवस्थामा विद्यालय बस प्राप्त भएको खण्डमा विद्यार्थीहरुलाई समेत सहज हुने र शैक्षिक गुणस्तर बृद्दीमा सहयोग पुग्ने देखिएकाले उक्त विद्यालयलाई विद्यालय बस अति आवश्यक रहेकाले विद्यालय बस उपलब्ध गराउनको लागि सामाजिक विकास मन्त्रालयमा आवश्यक सिफारिस गर्ने तथा सामाजिक विकास मन्त्रालयबाट बस प्राप्त भएपछी विद्यालयले बस सञ्चालन गर्न नसकेमा गाउँपालिकाले बस सञ्चालनको ब्यबस्था मिलाउने प्रतिबध्दता गर्ने

५. २०८१ असोज १०-१२ गतेसम्म परेको अविरल वर्षापछी गएको बाढी र पहिरोबाट गाँउपालिका क्षेत्रभित्र अत्याधिक क्षती पुगी गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय जोखिम न्युनिकरण तथा ब्यबस्थापन राष्ट्रिय परिषद्को मिति २०८१ कार्तिक २ गतेको निर्णय नं. ४ अनुसार यस गाँउपालिकालाई संकटग्रस्थ घोषणा गरी रु. ५० लाख विनियोजन भएकोमा त्यस्तै बागमती प्रदेश सरकारबाट समेत रु.१० लाख सहित जम्मा रु ६० लाखको परिधिमा परिषद्को खर्च मार्गदर्शन र प्रदेश सरकारको खर्च सम्बन्धी मार्गदर्शनमा उल्लेख भएका शिर्षकहरुमा खर्च गर्नेगरी तपशिल बमोजिमका कार्यहरू अगाडी बढाउने

६. (क) माथी छलफल गर्दा श्रम तथा रोजगार मन्त्रालयको युवा रोजगारीको रुपान्तरण पहल आयोजना अन्तर्गत सीप विकास तथा जीवन उपयोगी तालिम संञ्चालनको लागि सशर्त अनुदानमा प्राप्त रु.१०,००,०००/- बाट सोही कार्यविधीको परिच्छेद ५ को दफा ३३ मा उल्लेख गरिएका तालिम मध्ये जिवन उपयोगि तालिम, इलेक्ट्रिसियन तालिम र प्लम्बर तालिम सञ्चालन गर्ने निर्णय गरियो, साथै सोही कार्यविधिको दफा ६१ मा

उल्लेख भए बमोजिम विश्व बैंकबाट सहमती प्राप्त कार्यक्षेत्रगत शर्त सहितको बोलपत्र सम्बन्धी कागजात स्वीकृत गरी सेवा प्रदायक छनौट कार्य अगाडी बढाउने

६(ख) माथी छलफल गर्दा यस गाउँपालिका मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्भर्टर ब्याट्रीहरु बिग्रिएर बिजुली बत्तिको लाइनमा अवरोध हुने बित्तिकै दैनिक सेवा प्रवाह अवरुध्द हुने अवस्था रहेकाले पावर ब्याकअपको लागि आवश्यक पर्ने ब्याटी र इन्भर्टरको खरिदको लागि मेशिनरी औजार खरिद, खर्च शिर्षक नं. ३११२२ बाट खरिद गरी उपलब्ध गराउने

६(ग) माथी छलफल गर्दा यस यस गाउँपालिकामा कार्यरत विभिन्न कर्मचारी तथा जनप्रतिनिधिहरुले आफ्नो दैनिक कार्य सञ्चालनको लागि प्रयोग गरेको देहाय बमोजिमको सवारी साधनहरुको मर्मत खर्च अनुमोदन गर्ने